कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
फोन नं. ०८१-५४००५६

च.नं.- ५५
प.सं.- ०७८/०७९

मिति २०७८/०४/२४

**विषय: अध्यापन अनुमति पत्र र नियुक्ति पत्रको विवरण पठाउने बारे।**

श्री सामुदायिक विद्यालयहरु सबै,
कोहलपुर नगरपालिका, बाँके।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयमा कार्यरत अस्थायी करार, राहत, नगर अनुदान, शिक्षण सुधार अनुदान, विद्यालयको आफ्नो तथा अन्य स्रोतबाट तलब खाने शिक्षकहरु अध्यापन अनुमति पत्र बिना कार्यरत रहेको र कतिपय शिक्षकहरु शिक्षा नियमावली बमोजिम छनौट प्रक्रिया समेत पूरा नगरी नियुक्त गरिएको सम्बन्धमा यस शाखामा निरन्तर रुपमा गुनासा र उजुरीहरु आउने गरेको छ।

तसर्थ प्रचलित शिक्षा ऐन, नियमावली बमोजिम समेत त्यस्ता कार्यहरु गरिएमा गैर कानूनी ठहरिने भएको हुँदा त्यस विद्यालयमा कार्यरत अस्थायी करार, राहत, नगर अनुदान, शिक्षण सुधार अनुदान र निजी स्रोतमा कार्यरत सबै शिक्षकबाट तुरुन्त अध्यापन अनुमति पत्र, नियुक्ति पत्र र कुनै विषयका शिक्षकका लागि अध्यापन अनुमति पत्र आवश्यक नपर्ने भए सोको कानूनी प्रावधान खुलेको प्रमाण पत्रको अभिलेख झिकाई विद्यालयमा चुस्त दुरुस्त राख्नुहुन र यस शाखामा सोको जानकारी पठाउनु हुन अनुरोध छ। शाखाबाट माग भएको बखतमा त्यस्तो कागजात प्रमाणहरु उपलब्ध गराउन नसकेमा सोको जवाफदेही प्रअ आफैँ हुनुपर्ने र कागजात पेस नगर्ने शिक्षक समेतलाई नियमानुसार कार्यवाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

..................
शिक्षा शाखा प्रमुख
अनन्त कुमार पाड्याल
शिक्षा प्रमुख/उपसचिव

बोधार्थ
श्री शिक्षा विकास तथा समन्वय इकाइ, बाँके : जानकारीका लागि।
श्री नगरकार्यपालिकाको कार्यालय, कोहलपुर नगरपालिका, बाँके।